# सभापोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक संख्या : १८

बैठक मिति: २०८३।०२।२०

बैठक समापन समय :

बैठक प्रारम्भः

आ.व. ०८२।०८३ को **अठाह्रौँ** कार्यपालिका बैठक मिति २०८३।०२।२० गते बुधबारको दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपसिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राज कुमार राई | वडाध्यक्ष वडा नं. २ | | |
| ५. | श्री दिल वहादुर तामाङ | वडाध्यक्ष वडा नं. ३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिम्बु | वडाध्यक्ष वडा नं. ५ | | |
| ८. | श्री जितेन्द्र ओनेम फागो | वडाध्यक्ष वडा नं. ६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

## कार्यपालिका बैठकको प्रस्ताब तथा निर्णयहरु मिति २०८३।०२।२० गते

| सिं नं | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | आ.व. ०८३।०८४ को निती तथा कार्यक्रम मस्यौदा सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा आ व ०८३।०८४ को लागि निती तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मस्यौदा माथि छलफल गरी स्वीकृत गरियो। |
| २ | आ.व. ०८३।०८४ को बजेट अधिवेशन तथा गाउँसभाको १७औं अधिवेशन मिति तोक्ने सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा आ.व. ०८३।०८४ को बजेट अधिवेशन तथा गाउँसभाको १७औं अधिवेशन २०८३।०३।०१ गते सोमबार दिनको ११ बजे आह्वान गर्ने निर्णय गरियो। |
| ३ | वडा सभा, विषयगत समितिको बैठक, एकीकृत योजना तर्जुमा समितिको बैठक मिति तोक्ने सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा आ. व. ०८३।०८४ को वडा सभा २०८३।०३।०५ गते भित्र सम्पन्न गरी आयोजना तथा कार्यक्रम गाउँपालिकामा पेश गर्ने निर्णय गरियो। साथै विषयगत समितिको बैठक २०८३।०३।०६ गते बस्ने र एकीकृत योजना तर्जुमा समितिको बैठक २०८३।०३।०७ गते बस्ने निर्णय गरियो। सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको बजेट तथा योजना तर्जुमा सम्बन्धी बैठक मिति २०८३।०३।०८ गते ११ बजे बस्ने निर्णय गरियो। सभापोखरी गाउँपालिकाको गाउँसभाको १७औं अधिवेशनको दोश्रो बैठक २०८३।०३।१० गते दिनको ११ बजे बस्ने निर्णय गरियो। |
| ४ | जलविद्युत आयोजना सर्वेक्षण अनुमति सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं ५ स्थित गिद्दे खोला साना जलविद्युत आयोजना ८३० किलोवाट सञ्चालनार्थ विद्युत विकास विभाग सानो गौचरण काठमाडौको च नं २३०९ मिति २०८३।०२।०५ को पत्रानुसार उक्त गिद्दे खोला साना जलविद्युत आयोजना सञ्चालनार्थ टेक्निकल क्लियरेन्स प्रदान गरिएको हुँदा उक्त आयोजना सर्वेक्षण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को ध (३) मा उल्लेखित व्यवस्था अनुसार १ मे वा सम्मको विद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको निती कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहमा रहेकोले यस गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भएअनुसारको दस्तुर लिइ सर्वेक्षण अनुमती दिने निर्णय गरियो। |
| ५ | रकमान्तर सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं ४ मा विनियोजित योजना गदुवा खानेपानी एक घर एक धारा निर्माण सभापोखरी ४ मा विनियोजित रु १,५०,०००।०० बाट वडा नं ४ मा सकड पूर्वाधार स्तरोन्नतीको लागि इन्धन खरिद गर्न बजेट रकमान्तर गर्ने निर्णय गरियो।<br>आ व ०८२।०८३ मा सभापोखरी गाउँपालिका वडा नं ४ मा विनियोजित जलेश्वर आ वि र जनहित आ वि मा इन्टरनेट वापतको रकम रु ५५,०००।०० नोक्लुङ्ग निवासी श्री सोम लिम्बुलाई फुसको छाना व्यवस्थापनको लागि बजेट रकमान्तर गर्ने निर्णय गरियो। |
| ६ | योजनाको नाम परिवर्तन सम्बन्धा। | प्रस्ताव माथि छलफल गर्दा आ व ०८२।०८३ मा सभापोखरी गाउँपालिका वडा नं ४ मा विनियोजन भएको सेत्लुङ्ग खोल्सिमा ह्युम पाइप तथा ग्याबिन निर्माण (विनियोजित रकम रु ३५००००।००) योजनाको नाम परिवर्तन गरी सेत्लुङ्ग खोल्सि सोलिङ्ग तथा [illegible] निर्माण राख्ने निर्णय गरियो। |
| ७ | लङ्खुवा सडक पुल देखि पिखुवा जिरो प्वाइन्ट सम्म सडक स्तरोन्नती आयोजनाको रकम भूक्तानी सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा लङ्खुवा सडक पुल देखि पिखुवा जिरो प्वाइन्ट सम्म सडक स्तरोन्नती आयोजना सभापोखरी ३ मा संचालित आयोजनाको रकम रु १३,५०,०००।०० मिति २०८२।०९।[illegible] गतेको निर्णय नं ४ मा सभापोखरी हाइड्रोपावर कम्पनीबाट उपलब्ध गराउने भनिएकोमा उक्त कम्पनीले उक्त रकम उपलब्ध गराउन नसक्ने देखिएकोले सभापोखरी गाउँपालिकाको बजेट खर्च शिर्षक ८०१०४५०४११६ पूर्वाधार विकास योजना तथा कार्यक्रम खर्च शिर्षक ३११५९ अन्य [illegible] साझेदारी आयोजनाबाट रु १३,५०,०००।०० भूक्तानी गर्ने निर्णय गरियो। |
| ८ | बाहबिसे बजार भलिबल खेल मैदानको फलामे प्याराफिटको रकम भूक्तानी सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा बाहबिसे बजार भलिबल खेल मैदानको फलामे प्याराफिटको निर्माण कार्य सम्पन्न बिल बमोजिमको रकम रु ५०००००।०० मात्र सभापोखरी हाइड्रोपावर कम्पनीले सामाजिक उत्तरदायित्व वापत सभापोखरी गाउँपालिकाको कार्यालयलाई उपलब्ध गराउने रकम मध्येबाट कट्टा हुने गरी त्रिवेणी टोल विकास समितिलाई भूक्तानी दिन अनुरोध गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ९ | सिंहदेवि आ वि को रकम भूक्तानी सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी ३ सिवेक्पा स्थित सिंह देवि आ वि नेट जडान फर्निचर व्यवस्थापन व्याकअप मा विनियोजित रकम रु २५००००।०० अर्विट ईनर्जी प्रा लि सभाखोला बि कम्पनीले सामाजिक उत्तरदायित्व वापत सभापोखरी गाउँपालिका वडा नं ३ मा विनियोजित रकम रु ४०,००,०००।०० मध्येबाट कट्टा हुने गरी रु २,५०,०००।०० श्री सिंह देवि आ विलाई भूक्तानिको लागि सिफारिस गर्ने निर्णय गरियो । |
| १० | फार्मेसी सञ्चालनको लागि खरिद गरिएको औषधीको रकम भूक्तानी दिने सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा आ व ०८२।०८३ मा सभापोखरी आधारभूत अस्पतालमा सञ्चालित फार्मेसीको लागि खरिद गरिएको औषधीको रकम सभापोखरी गाउँपालिकाको गाउँसभाको १४औं अधिवेशनबाट निशुल्क वितरणको लागि औषधी खरिद आयुर्वेदिक समेत बजेट खर्च शिर्षक २७२१३ बाट रु ३,००,०००।०० भूक्तानी दिने निर्णय गरियो । |
| ११ | नारी दिवसको कार्यक्रमको रकम भूक्तानी सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा आ व ०८२।०८३ मा सभापोखरी गाउँपालिका वडा नं १ मा सञ्चालन भएको नारी दिवस कार्यक्रम रकम सोहि वडामा विनियोजन भएको कार्यालय संचालन तथा प्रशासनिक खर्च शिर्षकमा विनियोजित खर्च रकम रु १,००,०००।०० बाट रु ३०,०००।०० भूक्तानी दिने निर्णय गरियफो । |
| १२ | सामुदायिक स्वास्थ्य इकाइ फाकुवा र श्री प्रकाश आ वि मा इन्टरनेट जडान सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा आ व ०८२।०८३ मा बजेट खर्च शिर्षक नं २५३१५ मा विनियोजित रकम रु २,००,०००।०० र खर्च शिर्षक नं २६४१२ मा विनियोजित रकम मध्येबाट रु २,५०,०००।०० गरी जम्मा रु ४,५०,०००।०० को सामुदायिक स्वास्थ्य इकाइ फाकुवा र श्री प्रकाश आ वि मा इन्टरनेट जडान गर्ने निर्णय गरियो । |
| १३ | सभापोखरी गाउँपालिका कप २०८३ खुला आमन्त्रित अन्तरपालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता संचालनको पेश्की रकम फर्स्यौट सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आयोजना तथा सभापोखरी खेलकुद विकास समितिको प्राविधिक सहयोगमा मिति २०८३।०१।२८ देखि ०२।०२ सम्म सञ्चालन भएको सभापोखरी गाउँपालिका कप २०८३ खुला आमन्त्रित अन्तरपालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता संचालनको लागि सभापोखरी गाउँपालिकाका शिक्षा अधिकृत छैटौं श्री प्रमोद भट्टराईले लिएको पेश्की रकम रु २०,००,०००।०० तपसिल बमोजिमको खर्च भएको हुँदा पेश्की फर्स्यौटको लागि निर्णय गरियो । साथै उक्त प्रतियोगिता संचालनको क्रममा भएका सम्पूर्ण खर्चको जिम्मेवारी गाउँ कार्यपालिकाले लिने निर्णय गरियो ।<br>तपसिल:<br>१. महिला टिमले भलिबल प्रतियोगितामा सहभागिता जनाएवापत यातायात खाना तथा आवास खर्च रकम रु १७५०००।००<br>२. पुरुष टिमले भलिबल प्रतियोगितामा सहभागिता जनाएवापत यातायात खाना तथा आवास खर्च रकम रु १४५०००।००<br>३. पुरुष तर्फको पुरस्कार रु १०५५५५४।०० (भ्याट सहित)<br>४. महिला तर्फको पुरस्कार रु ६७७७७६।०० (भ्याट सहित)<br>५. रेफ्रि पारिश्रमिक रु ३२२०००।०० (भ्याट सहित)<br>६. पुरुष विधागत पुरस्कार रु ८००००।०० (भ्याट सहित)<br>७. महिला विधागत पुरस्कार रु ४००००।०० (भ्याट सहित)<br>८. महिला तथा पुरुष उत्कृष्ट टिम कोच रु १५०००।०० (भ्याट सहित)<br>९. म्यान अफ द म्याच रु १६०००।०० (भ्याट सहित)<br>१०. सांस्कृतिक झाँकी प्रस्तुत गरेवापत रु १५०००।००<br>जम्मा रकम रु. २५,४१,३३०।०० |
| १४ | त्रिवेणी पब्लिक कलेज सञ्चालन तथा व्यवस्थापन खर्च भूक्तानी सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं ६ मा संचालित त्रिवेणी पब्लिक कलेज सभापोखरी ६ को च नं २७ मिति २०८३।०२।२० को रकम निकासा माग सम्बन्धी पत्रानुसार उक्त कलेज संचालन तथा व्यवस्थापनको लागि माग अनुसारको रकम रु १००००००।०० अक्षरेपि रु दस लाख मात्र अर्बिट इनर्जी प्रा लि काठमाडौले सभापोखरी गाउँपालिकाको कार्यालयलाई उपलब्ध गराउने सामाजिक उत्तरदायित्वको रकमबाट कट्टा हुने गरी त्रिवेणी पब्लिक कलेज बाहविसको नाममा प्राइम कमर्सियल बैंक सभापोखरी शाखामा संचालित च हि नं ०६९०१०००००००६३५००१८८ मा उपलब्ध गराइदिन सिफारिस गर्ने निर्णय गरियो । |